apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्षः १२ ● अंकः १५७ ● पृष्ठः ४ ● १० असार २०८३ बुधबार (24 June 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## गागन खोलाको निर्माणाधीन पुल नजिक सडक भासिँदा हुलाकी राजमार्ग अवरुद्ध

### कटान र उत्खननका कारण जोखिम बढ्यो, मर्मतमा एकदेखि दुई साता लाग्न सक्ने

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०९ गते**




हुलाकी राजमार्गअन्तर्गत सिरहाको औरही गाउँपालिका-५ स्थित गागन खोलामा निर्माणाधीन पुल नजिक सडक भासिएपछि यातायात आवागमन प्रभावित भएको छ । सडकको भित्री भाग कटान भएर खोक्रो बनेपछि दुर्घटनाको जोखिम बढेकाले सवारीसाधनलाई वैकल्पिक मार्गबाट सञ्चालन गरिएको छ।

स्थानीयका अनुसार पुरानो पुलको छेउमा नयाँ पुल निर्माणका क्रममा गरिएको माटो उत्खनन तथा पछिल्लो वर्षासँगै भएको तीव्र कटानका कारण सडक भासिएको हो । बाहिरबाट सडक सामान्य देखिए पनि भित्री भागको माटो बगिसकेकाले थप क्षति र दुर्घटनाको सम्भावना रहेको स्थानीयवासी बताउँछन्।

स्थानीय युवा नेता दीपेन्द्र कुमार यादवले निर्माण कम्पनी तथा सम्बन्धित निकायको लापरबाहीका कारण सडक भासिएको आरोप लगाए । उनका अनुसार समयमै कटान नियन्त्रण र माटो संरक्षणको काम गरिएको भए अहिलेको अवस्था सिर्जना हुने थिएन ।

यस्तै, स्थानीय श्रीदेव यादवले सडक भासिएको क्षेत्रमा पर्याप्त सुरक्षा व्यवस्था नगरिएकाले विशेषगरी रातिको यात्रा जोखिमपूर्ण बनेको बताए । "सडकको भित्री भाग पूरै खाली भइसकेको छ । बाहिरबाट समस्या नदेखिने भएकाले जुनसुकै बेला ठूलो दुर्घटना हुन सक्छ," उनले भने।

अर्का स्थानीय सुरेश कुमार यादवले वर्षायामअघि नै आवश्यक सुरक्षात्मक संरचना निर्माण तथा संरक्षणका काम नगर्दा समस्या उत्पन्न भएको दाबी गर्दै यात्रुको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्न आग्रह गरे।

गागन खोलामा ४० मिटर लामो पुल निर्माणका लागि २०८२ असार ४ गते ठेक्का सम्झौता भएको थियो । २०८४ असार ३ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित सिरहाको कर्जन्हा नगरपालिका-५ स्थित जेबिएम जवाहर जेडी निर्माण

बाँकी पृष्ठ ३ ▶▶

## धान रोपाइँ गर्ने चटारोकै समयमा मधेशका किसानलाई सिँचाइ र मलको अभाव

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०९ गते**



असार लागेसँगै किसानहरु धान रोपाइँको चटारोमा छन् । मधेशका किसान भने धान रोप्ने समयमै रासायनिक मल र सिँचाइको अभाव भोलिरहेका छन्।

सिँचाइ सुविधा नभएका क्षेत्रमा आकाशे पानीको भरमा धान रोपाइँ गर्नुपर्ने बाध्यता हुन्छ। पर्याप्त वर्षा नहुँदा खेतमा आवश्यक पानीको अभाव भएको छ भने रासायनिक मलको सहज उपलब्धता नहुँदा किसानहरू चिन्तित छन्।

कतिपय स्थानमा सिँचाइ सुविधा भए पनि अधिकांश क्षेत्रमा सिँचाइ प्रणाली कमजोर भएकाले किसानहरू आकाशे पानीको प्रतीक्षामा बस्न बाध्य भएका छन्।

मधेश प्रदेशका सिरहा, सप्तरी, धनुषा, महोत्तरी, बारा, रौतहट जिल्लामा सबैभन्दा बढी धान खेती हुने गर्दछ।

यस वर्ष बदलिँदो मौसम र अनियमित वर्षाले किसानको चिन्ता थप बढाएको छ । जनकपुरधाम उपमहानगरपालिका-२० का विजयप्रसाद राउत चार बिघा खेतमा धान खेती गर्छन्। उनले भने, 'आज केही खेतमा रोपाइँ गरियो, तर मल कहाँबाट ल्याउने ? रोपिएको धानमा मल आवश्यक छ। डिपोमा जाँदा मल छैन भनेर फर्काइदिन्छन्।'

यता जनकपुरधाम उपमहानगरपालिका-२४ का बद्री साहले अरूको बोरिङबाट पानी ल्याएर धान रोपाइँ गरे पनि मल पाउन नसेको गुनासो गरे। समयमा पानी र मल उपलब्ध नहुँदा बाली राम्रो नहुने चिन्ताले सताएको उनको गुनासो छ।

त्यस्तै जलेश्वर उपमहानगरपालिका-१० का राघव ठाकुरले पनि मल र सिँचाइको उपलब्धता नहुँदा खेती गर्न गाह्रो भएको सुनाए।

बलवा नगरपालिका-७ का सीताशरण पण्डितको गुनासो पनि उस्तै छ। 'भोट माग्ने बेलामा समयमा मल दिन्छु, बोरिङ दिन्छु, सिँचाइको व्यवस्था गर्छु भनेर बाचा गर्छन्, तर अहिले हामी समस्यामा पर्दा कोही आउँदैनन्,' उनले भने।


मधेश प्रदेशका अधिकांश जिल्लामा यस्तै समस्या देखिएको छ।

मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बर्खे

बाँकी पृष्ठ ३ ▶▶

## बोर्डको नतिजाप्रति असन्तुष्टि, विद्यार्थीले गरे आन्दोलनका कार्यक्रम घोषणा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ०९ गते**




राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको कक्षा १२ को नतिजा अस्वाभाविक र त्रुटिपूर्ण रहेको भन्दै विद्यार्थीहरू आन्दोलित भएका छन्।

उनीहरुले बुधबार भक्तपुरस्थित राष्ट्रिय परीक्षा बोर्डको कार्यालय अगाडि र बिहीबार बिहान माइतीघरमा दबाब स्वरूप आन्दोलन गर्ने जानकारी दिएका छन् । विद्यार्थी रञ्जित कार्कीले बिहीबार बिहान साढे ११ बजे माइतीघरमा कार्यक्रमका लागि अनुमति समेत लिइएको बताए।

पीसफूल प्रोटेष्ट समूहले बुधबार बिहान साढे ११ बजे परीक्षा नियन्त्रण कार्यालय अगाडि दबाब दिने भन्दै सामाजिक सञ्जाल मार्फत स्पष्ट पारेको छ ।नतिजाबाट असन्तुष्ट विद्यार्थीहरूले आफूले गरेको मिहिनेत अनुसारको अङ्क नआएको र उत्तरपुस्तिका परीक्षणमा लापरबाही भएको आरोप लगाएका छन्।

उनीहरूले पुनर्योग (रिटोटलिङ) र पुनःपरीक्षण (रिचेकिङ) को शुल्कसमेत अत्यन्त महँगो र अव्यवहारिक भएको बताएका छन्। गत वैशाख १४ देखि २७ गतेसम्म सञ्चालित कक्षा १२ को परीक्षामा १ लाख ४ हजार ७ सय ११ जना विद्यार्थी 'नन ग्रेडेड' अर्थात् अनुत्तीर्ण भएका छन्।

बोर्डका अनुसार ३८ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको छ भने दुई जनालाई एक वर्षसम्म बोर्डका कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाही गरिएको छ। अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) ले पनि नतिजा त्रुटिपूर्ण र गैरजिम्मेवार

बाँकी पृष्ठ २ ▶▶

## संविधान संशोधन अघि नबढाए आन्दोलनमा जाने अध्यक्ष यादवको चेतावनी

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ०९ गते**




जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान संशोधनका लागि सरकारविरुद्ध आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्।

मंगलबार जनकपुरधाममा आयोजित धनुषा जिल्ला अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष यादवले भने संविधान संशोधन र संघीयता कार्यान्वयनको मुद्दा सरकार अघि नबढाए सडकमा उत्रिने बताए।

अध्यक्ष यादवले संविधान संशोधन र संघीयताको प्रभावकारी कार्यान्वयन एक दशकदेखि जसपा नेपालको मुख्य एजेण्डा रहेको उल्लेख गर्दै यी विषयलाई सरकारले प्राथमिकतामा नराखे पार्टी आन्दोलनमा जान बाध्य हुने चेतावनी दिए।

पछिल्लो पटक सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीले अपेक्षा अनुसार परिणाम ल्याउन नसक्नुको प्रमुख कारण आन्तरिक र बाह्य कारण रहेको पार्टीको समीक्षा रहेको जानकारी उनले दिए। जसपा नेपाल प्रदेश सरकारमा रहेको बेला कमी कमजोरी भएपनि प्रदेशको शिक्षा र स्वास्थ्य लगायतको क्षेत्रमा महत्वपूर्ण काम भएको दाबी गरे।

लामो समयदेखि सत्ता सञ्चालन गर्दै आएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी

बाँकी पृष्ठ ४ ▶▶









प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सकारात्मक निति कार्यक्रम

सिरहा नगरपालिकाले आफ्नो स्थापनाको ३०औं वर्षमा ११औं नगरसभा सम्पन्न गर्दै आर्थिक वर्ष २०८३/०८४ का लागि करिब ८५ करोड रुपैयाँ आयको अनुमानसहित नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । चालु आर्थिक वर्षमा करिब ९२ करोड रुपैयाँको बजेटमध्ये करिब ५० करोड रुपैयाँको मात्रै कार्य सम्पन्न भएको तथ्याङ्क प्रस्तुत गरिएको छ । यो तथ्यले नगरपालिकाको बजेट कार्यान्वयन क्षमता र विकास व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाएको छ। तीन दशक कुनै पनि स्थानीय सरकारका लागि आफ्नो पहिचान स्थापित गर्ने, योजनाबद्ध विकास गर्ने र नागरिकलाई गुणस्तरीय सेवा दिने पर्याप्त समय हो। यस अवधिमा सडक, खानेपानी, ढल, शिक्षा, स्वास्थ्य, सरसफाइ, रोजगार र सार्वजनिक सेवामा उल्लेखनीय परिवर्तन देखिनुपर्ने थियो। तर सिरहा नगरपालिकाको समग्र अवस्थाले अझै पनि विकासको स्पष्ट दिशा खोजिरहेको अनुभूति गराउँछ।

२०५३ सालमा स्थापना भएर ३० वर्ष पूरा गरिसकेको नगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा गुरु योजना बनाउने विषय समेटेको छ। गुरु योजना कुनै नगरको सुरुवाती चरणमै तयार गरिनुपर्ने आधारभूत दस्तावेज हो, जसले दीर्घकालीन विकासको मार्गचित्र तय गर्छ। तीन दशकपछि पनि यस्तो योजना बनाउने अवस्थाले विगतमा विकास कार्य कति असंगठित र तत्कालीन आवश्यकतामा मात्र केन्द्रित थियो भन्ने संकेत गर्छ। यद्यपि यस पटकको नीति तथा कार्यक्रममा केही सकारात्मक र दूरगामी महत्वका विषय समावेश गरिएका छन्। सलहेश क्षेत्र विकास कोष र सारस्वरनाथ क्षेत्र विकास कोषको स्थापना, सलहेश गोल्डकप अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना तथा सिरहा पुस्तकालयलाई ई-लाइब्रेरीका रूपमा विकास गर्ने योजना सांस्कृतिक संरक्षण, पर्यटन प्रवर्द्धन र आधुनिक ज्ञान प्रणाली निर्माणका दृष्टिले स्वागतयोग्य पहल हुन्। यस्ता योजनाले नगरको पहिचान निर्माण र आर्थिक गतिविधि विस्तारमा योगदान पुर्‍याउन सक्छन्।

विकासको वास्तविक मापन सांस्कृतिक कार्यक्रम वा भौतिक संरचनाले मात्र हुँदैन । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा नगरपालिकाको अवस्था अझै सन्तोषजनक देखिँदैन । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार, स्वास्थ्य संस्थामा दक्ष जनशक्ति र आवश्यक उपकरणको व्यवस्था, युवालाई सीप तथा रोजगारीसँग जोड्ने कार्यक्रम तथा महिला, बालबालिका र ज्येष्ठ नागरिक लक्षित सेवामा अझै प्रभावकारी हस्तक्षेप आवश्यक छ। नीति तथा कार्यक्रम सार्वजनिक गर्नु मात्र उपलब्धि होइन, त्यसलाई बजेटमार्फत कार्यान्वयनयोग्य बनाउनु नै स्थानीय सरकारको मुख्य जिम्मेवारी हो । बजेट राजनीतिक प्रभाव वा टुक्रे योजनामा विभाजित नभई नागरिकको दिगो विकास, आर्थिक उत्पादन, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र सुशासनलाई केन्द्रमा राखेर विनियोजन गरिनुपर्छ। साथै विनियोजित बजेट समयमै खर्च हुने, गुणस्तरीय रूपमा कार्यान्वयन हुने र त्यसको नियमित सार्वजनिक समीक्षा हुने प्रणाली पनि बलियो बनाउन आवश्यक छ । सिरहा नगरपालिकाले ३० वर्षको यात्रालाई केवल उत्सवका रूपमा होइन, आत्मसमीक्षाको अवसरका रूपमा लिनुपर्छ। विगतका कमजोरी स्वीकार्दै स्पष्ट गुरु योजना, प्रभावकारी बजेट कार्यान्वयन र नागरिकमुखी विकास नीतिमार्फत मात्रै समृद्ध र व्यवस्थित नगर निर्माण सम्भव छ। अब नागरिकले भाषणभन्दा परिणाम, घोषणा भन्दा कार्यान्वयन र योजनाभन्दा प्रत्यक्ष परिवर्तनको अपेक्षा गरेका छन् । आगामी बजेटले यही अपेक्षालाई सम्बोधन गर्न सके मात्र ३० वर्षको यात्रा सार्थक भएको मानिनेछ। झन अहिलेको जनप्रतिनिधिको सम्भवत: यो नै अन्तिम नीति तथा कार्यक्रम र बजेट भएकोले पनि नागरिकको प्राथमिकता केन्द्रित कार्यान्वयन हुनैपर्छ।

### बोर्डको नतिजाप्रति असन्तुष्टि, विद्यार्थीले .........

ढङ्गले सार्वजनिक गरिएको भन्दै बोर्डको ध्यानाकर्षण गराएको थियो।

अध्यक्ष दीपक धामीसहितको टोलीले सोमबार बुझाएको ज्ञापनपत्रमा हतारमा नतिजा प्रकाशन गर्ने नाममा कोडिङ र डिकोडिङमा लापरबाही भएको आशङ्का गरिएको छ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
**सिधा सम्पर्क**
**०३३-५२१२१४**

# पहिलोपल्ट अधिकांश पालिकामा छन् हाकिम, १८ मात्र निमित्तको भरमा

## अघिल्लो वर्ष २०१ पालिकामा थिएनन्




**अमृत चिमरिया**

स्थानीय सरकार सञ्चालन ऐनअनुसार असार १० गतेभित्र स्थानीय तहले बजेट आफ्नो गाउँ तथा नगर सभामा पेस गर्नैपर्छ।

तर यही बजेट, नीति कार्यक्रम पेस गर्ने बेला सधैँजसो स्थानीय तहमा कर्मचारी अभाव हुने गरेको थियो। तर यो पटक आगामी आर्थिक वर्षको बजेट तथा नीति र कार्यक्रम तर्जुमाको चटारोमा प्रशासनिक नेतृत्व व्यवस्थापनमा ठुलो सुधार देखिएको छ।

विगतका वर्षहरूमा बजेट सार्वजनिक गर्ने समयमा सयौँको संख्यामा स्थानीय तहहरू निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा हुन्थे। तर यस पटक कुल ७५३ मध्ये केवल १८ वटा पालिकामा मात्र निमित्त प्रमुख छन्। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निरन्तरको प्रयास र योजनाबद्ध कर्मचारी व्यवस्थापनका कारण यो संख्यामा गिरावट ल्याउन सम्भव भएको मन्त्रालयका स्थानीय तह कर्मचारी प्रशासन शाखाका उप-सचिव झविन्द्र खनालले जानकारी दिए।

मन्त्रालयको तथ्यांकअनुसार हाल देशभरका गाउँपालिकामध्ये केवल चार वटा मात्र निमित्त प्रमुख प्रशासकीय अधिकृत छन्, जसमा दार्चुलाको व्यास गाउँपालिका, स्याङ्जाको हरिनास गाउँपालिका, रामेछापको उमाकुण्ड गाउँपालिका र सिरहाको सखुवानन्कारकट्टी हुन्। त्यस्तै देशका कुल नगरपालिका र उपमहानगरपालिकाहरूमध्ये १४ वटामा निमित्त तथा अस्थायी व्यवस्थापन गरिएको छ। तीमध्ये धनुषाको सबैला नगरपालिका र बाजुराको बुढीगंगा नगरपालिकामा शिक्षा सेवाका उपसचिवहरूलाई निमित्तको जिम्मेवारी दिइएको छ।

मन्त्रालयका अनुसार बाँकी १२ वटा नगरपालिकामध्ये अधिकांशमा संघीय सरकारकै अधिकृतहरू निमित्तकै रूपमा खटिएका छन् भने बाराको पचरौता नगरपालिकामा मात्र स्थानीय तहकै कर्मचारीलाई यो जिम्मेवारी तोकिएको छ। निमित्त रहेका अन्य नगरपालिकाहरूमा धनकुटाको पाख्रीबास, सप्तरीको सुरुङ्गा र हनुमाननगर कंकालिनी, महोत्तरीको भङ्गाहा र बलवा, धनुषाको मिथिला, रौतहटको ईशनाथ, देवाही गोनाही, वृन्दावन र बौधीमाई तथा डडेल्धुराको अमरगढी नगरपालिका छन्।

देशका सबै महानगरपालिका र उपमहानगरपालिकाहरूमा भने निमित्तको भरमा नभई पूर्ण रूपमा सहसचिवस्तरका प्रमुख प्रशासकीय अधिकृतहरूले नै कार्यसम्पादन गरिरहेका छन्।

**पालिकाको प्रशासनमा ठुलो सुधार**

विगतका वर्षहरूको तुलनामा यो सुधार हो। यसअघि बजेट ल्याउने संवेदनशील समयमा १०० देखि १५० र कतिपय अवस्थामा २०० सम्म पालिकाहरू निमित्तका भरमा चल्ने गर्दथे। अघिल्लो वर्ष मात्रै बजेट तर्जुमा गर्ने मुख्य समय अर्थात् असारको पहिलो साता देशभरका २०१ स्थानीय तहहरू प्रमुख प्रशासकीय अधिकृतविहीन भएका थिए, जसले गर्दा हचुवाका भरमा योजना छनोट गर्ने, बजेट सीमा निर्धारणमा समस्या भोग्ने र वित्तीय अनुशासन उल्लंघन हुनेजस्ता गम्भीर चुनौतीहरू स्थानीय तहले सामना गर्नुपरिरहेको थियो।

स्थानीय सरकार सञ्चालन ऐनअनुसार असार १० गतेभित्र सभामा बजेट पेस गरिसक्नुपर्ने कानुनी व्यवस्था भए पनि गत वर्ष प्रशासनिक प्रमुख नहुँदा ४० भन्दा बढी स्थानीय तहले समयमै बजेट ल्याउन सकेका थिएनन्। स्थानीय तहमा सरकारले कर्मचारी खटाउन नसकेको भन्दै विगतको वित्तीय र प्रशासनिक बेथितिबारे बारम्बार सरकारको आलोचना हुने गरेको थियो। जसअनुसार मन्त्रालयले यस पटक आक्रामक रूपमा कर्मचारी सरुवा र पदस्थापनको कदम चाल्दै एकैपटक ठुलो संख्यामा उपसचिव र शाखा अधिकृतहरूलाई खटाएको थियो।

**कडा नियमपछि बस्न थाले कर्मचारी**

पछिल्लो समय सरकारले स्थानीय तहमा कर्मचारी व्यवस्थापनको विषयलाई आक्रामक रूपमा अघि बढाउँदै लगेको छ। लामो समयदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतका भरमा चल्दै आएका स्थानीय तहहरूमा दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत खटाउने कार्यलाई बालेन्द्र शाह नेतृत्वको नयाँ सरकारले तीव्रता दिएको हो। सरकारले कडा नियम बनाएपछि पालिकामा कर्मचारी बस्न पनि थालेका मन्त्रालयले जनाएको छ।

सरकारले सुगममा रमाइरहेका कर्मचारीलाई दुर्गम पठाउन थालेपछि कतिपयले पदबाटै राजीनामासमेत दिएका मन्त्रालयको भनाइ छ। वर्तमान सरकार गठन हुँदासम्म मुलुकको स्थानीय प्रशासनको अवस्था निकै दयनीय थियो।

मन्त्रालयले कर्मचारी व्यवस्थापनका लागि केही महत्त्वपूर्ण नीतिगत परिवर्तनसमेत गरेको छ। अब बढुवा भएर आउने कर्मचारीलाई पहिलो पोस्टिङ अनिवार्य रूपमा स्थानीय तहमै गर्ने नीति अख्तियार गरिएको छ। लामो समयदेखि काठमाडौँ उपत्यकाभित्र र सुगम स्थानमा मात्र बसिरहेका तथा स्थानीय तहमा जान नमानेका कर्मचारीलाई प्राथमिकतामा राखेर खटाउने मन्त्रालयको नीति छ।

तर, मानवीय पक्षलाई ध्यान दिँदै अनिवार्य अवकाश हुन एक वर्षमात्र बाँकी रहेका कर्मचारीलाई भने उनीहरूको इच्छाविपरीत स्थानीय तहमा नखटाइने मन्त्रालयको भनाइ छ। मन्त्रालयले क्यान्सर, मिर्गौलाजस्ता जटिल रोग लागेका वा विशेष अदालतमा मुद्दा खेपिरहेकाबाहेक अन्य सबै सक्षम कर्मचारीलाई पालैपालो स्थानीय तहमा खटाउने 'रोटेसन' प्रणाली लागु गर्न खोजेको मन्त्रालयको एक सहसचिव बताउँछन्।

कतिपय अवस्थामा निमित्त कर्मचारीका ठाउँमा नयाँ कर्मचारी जाँदा आर्थिक र प्रशासनिक अधिकार हस्तान्तरणमा ५ देखि १० दिनको समय लाग्ने भएकाले केहीबेर काम प्रभावित भएको देखिए पनि दीर्घकालीन रूपमा यसले सुशासनमा मद्दत पुगेको मन्त्रालयको दाबी छ।

**लेखा अधिकृतको अझै समस्या**

स्थानीय तहहरूमा बजेट निर्माणका क्रममा सिर्जना हुने लेखा अधिकृतहरूको अभाव र त्यससम्बन्धी समस्याबारे उपसचिव खनालले लेखा कर्मचारीहरूको व्यवस्थापनसम्बन्धी मुख्य पाटो प्रदेश सरकारसँग जोडिने स्पष्ट पारे। 'स्थानीय तहहरूबाट लेखा अधिकृतसँग जोडिएका प्रशासनिक गुनासो तथा समस्याहरू आउँदा संघीय मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गर्छ। तर लेखा अधिकृतहरूको यकिन तथ्याङ्क मन्त्रालयसँग हुँदैन,' उनले भने।

नेपाल नगरपालिका संघका एक पदाधिकारीका अनुसार प्रमुख प्रशासकीय अधिकृतको समस्या धेरै हदसम्म हल भए पनि लेखा अधिकृतको समस्या भइरहेको छ। 'प्रमुख प्रशासकीय अधिकृत नहुँदा मुख्य काम नै रोकिन्थ्यो, त्यो हल भयो। तर लेखा अधिकृत नहुँदा बजेटको अन्तिम समयमा धेरै नगरपालिकाहरूलाई गाह्रो परिरहेको छ। भुक्तानीको समयमा धेरै समस्या हुन्छ,' उनी भन्छन्। 'स्थानीय सरकारका लागि अहिले लेखा अधिकृतहरू प्रदेश सकारको लोकसेवा मार्फत दरबन्दी अनुसार खटाइने गरेको छ। तर पालिकाहरूले पर्याप्त जनशक्ती मागिरहँदा पनि प्रदेश सरकारहरूले उपलब्ध गराउन भने सकेको छैन,' उनले भने।

**'कर्मचारीको हाकिम हुँदा स्थानीय पालिकाका गुनासो कम छ'**

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालका कार्यकारी अधिकृत राजेन्द्र प्याकुरेलले संघीय सरकारले यसपटक प्रमुख प्रशासकीय अधिकृतको विषयमा सक्रियता देखाएको बताए। 'महासंघले पहिलेदेखि नै स्थानीय तहहरूलाई निमित्तविहीन बनाई पूर्ण रूपमा प्रमुख प्रशासकीय अधिकृत खटाउनुपर्ने पक्षमा निरन्तर लबिङ गर्दै आएको थियो। यस पटकको कर्मचारी व्यवस्थापनले स्थानीय तहको कार्यसम्पादनमा निकै सहजता ल्याएको छ,' उनले भने।

विगतका वर्षहरूमा जस्तो यस

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** आजको दिन तपाईंका लागि सुखद रहनेछ। रोकिएका कामहरू सहजै बन्नेछन् र कार्यक्षेत्रमा तपाईंको प्रशंसा हुनेछ।

**बृष :** आज आर्थिक क्षेत्रमा विशेष लाभ मिल्ने योग छ। पुराना साथीभाइहरूसँग भेटघाट हुने अवसर मिल्नेछ।

**मिथुन :** आजको दिन तपाईंको लागि मध्यम रहनेछ। कामको चाप बढ्नाले केही थकान महसुस हुन सक्छ।

**कर्कट :** आजको दिन नयाँ योजनाहरू बनाउनका लागि उपयुक्त छ। सामाजिक काममा रुचि बढ्नेछ र मान-सम्मानमा वृद्धि हुनेछ।

**सिंह :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले आर्थिक कारोबार गर्दा सतर्क रहनुहोला।

**कन्या :** तपाईंको आफ्नै राशिमा गोचर रहेकाले आजको दिन निकै उत्साहजनक र ऊर्जावान् रहनेछ।

**तुला :** आजको दिन सोचविचार गरेर मात्र निर्णय लिनुहोला। वैदेशिक क्षेत्रको काममा भने सफलता मिल्नेछ।

**वृश्चिक :** आज तपाईंको आम्दानीका स्रोतहरू बढ्नेछन्। दाजुभाइ तथा मित्रहरूबाट पूर्ण सहयोग मिल्नेछ।

**धनु :** उच्च अधिकारीहरूसँगको सम्बन्ध सुमधुर रहनेछ र पदोन्नतिको सम्भावना पनि छ।

**मकर :** आज धार्मिक र आध्यात्मिक कार्यमा तपाईंको रुचि बढ्नेछ। लामो दूरीको यात्रा गर्ने योजना बन्न सक्छ।

**कुम्भ :** आजको दिन अलि सावधानी अपनाउनुपर्ने देखिन्छ। स्वास्थ्यमा केही कमजोरी महसुस हुन सक्छ।

**मीन :** जीवनसाथी वा व्यावसायिक साझेदारको सहयोगले आजका कामहरू सफल हुनेछन्।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मधेशमा बढ्दो साइबर ठगी

## मोबाइल बैंकिङ, डिजिटल वालेट र सामाजिक सञ्जाल गाउँ गाउँ पुगे पनि सुरक्षित प्रयोगबारे जानकारी अभावका कारण ठगिँदै सर्वसाधारण

**वीरेन्द्र रमण**
**जनकपुरधाम, असार ०९ गते**



धनुषाधाममा मनी ट्रान्सफर कारोबार गर्ने मामा भान्जा ट्रेडर्सका सञ्चालक विशालकुमार भुजेल ११ पुस २०८२ मा ठगीको आरोपमा पक्राउ परे । उनी पैसा झिक्न आउने सेवाग्राहीसँग प्रमाणका लागि नागरिकताको प्रतिलिपि र फोटो लिन्थे। जिल्ला प्रहरी कार्यालय, धनुषाका अनुसार उनले त्यसरी लिएका कागजात मोबाइल सिम निकाल्न र ग्राहक पहिचान विवरण (केवाईसी) भरी इसेवालगायत डिजिटल वालेटमा खाता खोल्न प्रयोग गरेका थिए। त्यस्ता खाता प्रयोग गरेर ठगीमा संलग्न भएको अनुसन्धानबाट खुलेपछि विशालसहित १० जना पक्राउ परेको प्रहरीले जनाएको छ।

त्यसअघि सामाजिक सञ्जालमा नक्कली खाता खोलेर ठगी गरेको आरोपमा धनुषा प्रहरीले २५ वैशाख २०८२ मा सात जनालाई पक्राउ गरेको थियो । उनीहरूले अनलाइन माध्यमबाट दुई करोड ६३ लाख नौ हजार ३१२ रुपैयाँ ठगी गरेको प्रहरीको दाबी छ।

धनुषा प्रहरीका अनुसार उनीहरू सामाजिक सञ्जालमा सस्तो दरमा सामान पाइन्छ भनी विज्ञापन राख्थे, अग्रिम भुक्तानी माग्थे र रकम जम्मा भएपछि सम्पर्कविहीन हुन्थे। उनीहरूले सामाजिक सञ्जालमा २१ वटा नक्कली खाता र पेज खोल्नुका साथै इसेवाका २९ र खल्तीका १६ खाता प्रयोग गरेको प्रहरीले जनाएको छ।

मोबाइल बैंकिङ, डिजिटल वालेट र सामाजिक सञ्जालको पहुँच मधेशका गाउँ गाउँसम्म पुगेपछि अनलाइन ठगी नयाँ चुनौतीका रूपमा देखिन थालेको छ । प्रविधिले दैनिक कारोबार सजिलो बनाएको छ, तर सुरक्षित प्रयोगबारे पर्याप्त जानकारी नहुँदा सर्वसाधारण नागरिकता, फोटो, ओटीपी, बैंक खाता र डिजिटल वालेटको दुरुपयोगबाट ठगिने जोखिममा परिरहेका छन्।

प्रहरीका अनुसार मनी ट्रान्सफरको कारोबार गर्ने संस्थामा पैसा झिक्न जाने वैदेशिक रोजगारीमा रहेकाहरूको परिवारका सदस्य तथा बैंकिङ प्रक्रिया र डिजिटल कारोबारबारे पर्याप्त जानकारी नभएका सेवाग्राही यस्तो ठगीको सिकार भइरहेका छन्।

सस्तो सामान, असरदार भनिने औषधि, बैंक खाता नवीकरण तथा वैदेशिक अवसरको प्रलोभन देखाएर रकम माग्ने घटना बढिरहेको प्रहरीको भनाइ छ। प्रहरीका अनुसार सानो रकम ठगिएको अवस्थामा धेरैले उजुरी नगर्ने भएकाले ठग गिरोहलाई सहज हुने गरेको छ।

**अनलाइन ठगीका अनेक स्वरूप**

१० फागुन २०८१ मा पर्साको वीरगन्ज महानगरपालिका-१२ मुर्लीस्थित भाडाको घरबाट अनलाइन जुवा खेलाएको आरोपमा भारतीय नागरिक रविशंकर ठाकुर पक्राउ परेका थिए। उनको कोठाबाट प्रहरीले ल्यापटप, राउटर, हेडफोनलगायत विद्युतीय उपकरण बरामद गरेको थियो।

त्यस्तै, १७ माघ २०८० मा सप्तरीको राजविराज नगरपालिका-१० डुम्रीका २६ वर्षीय डम्बर साह अनलाइन ठगीबाट रकम पठाइएका खाताहरू व्यवस्थापन गरेको आरोपमा पक्राउ परेका थिए। प्रहरीका अनुसार ह्वाट्सएप, फेसबुक र इमो जस्ता सामाजिक सञ्जालका प्लेटफर्ममार्फत पार्सल पठाइदिने भन्दै ठगी गरिएको रकम विभिन्न खातामा व्यवस्थापन गरिएको थियो । साहले सञ्चालन गरेको उद्गम भेन्चर क्यापिटल, प्रोफिस्ट ग्रुप र उनको व्यक्तिगत खातामा रकम जम्मा गराउने र पछि नगद, क्रिप्टो वा बैंक ट्रान्सफरमार्फत ठगी गर्ने समूहलाई रकम उपलब्ध गराउने गरिएको प्रहरीको दाबी छ।

१० वैशाख २०८० मा धनुषा प्रहरीले इन्टरनेट ब्राउजर प्रयोग गरी अमेरिकी संस्था टलविन लाइफमा खाता खोल्न लगाएर एक हजार ९१ जनाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ४९ लाख नौ हजार ५०० रुपैयाँ ठगी गरेको आरोपमा ६ जनालाई पक्राउ गरेको थियो।

प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेशमा अनलाइन ठगीका नौ मुद्दा दर्ता भएका थिए। ती घटनामा १९ लाख २९ हजार रुपैयाँ बराबर ठगी भएको तथ्यांकमा उल्लेख छ।

त्यसैगरी, आव २०८०/८१ मा चार मुद्दा दर्ता भएका थिए भने ४० लाख ५१ हजार रुपैयाँ बराबरको ठगी भएको थियो। आव २०७९/८० मा दुई मुद्दा दर्ता भएका थिए भने ३७ लाख चार हजार रुपैयाँ बराबर ठगी भएको तथ्यांकमा उल्लेख छ। आव २०७८/७९ मा १७ मुद्दा दर्ता भएका थिए भने ५७ लाख ३१ हजार रुपैयाँ बराबर ठगी भएको पाइयो । आव २०७७/७८ मा १५ मुद्दा दर्ता भएका थिए भने ४७ लाख ३२ हजार रुपैयाँ ठगी भएको प्रहरी अभिलेखमा उल्लेख छ।

**बढ्दो पहुँच**

इन्टरनेट र स्मार्टफोनको पहुँच बढेसँगै रिचार्ज, पानी तथा बिजुलीको बिल भुक्तानी, सिनेमा र मनोरञ्जनात्मक कार्यक्रमको टिकट खरिद, बिमाको किस्ता, विद्यालय शुल्क र अन्य दैनिक कारोबार अनलाइनबाट गर्न थालिएको छ। बैंक तथा वित्तीय संस्था र भुक्तानी सेवाप्रदायकहरूले पनि डिजिटल कारोबारलाई प्राथमिकता दिइरहेका छन्।

नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको आर्थिक अध्ययन प्रतिवेदन २०८२/८३ अनुसार मधेस प्रदेशमा राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाका एक हजार ७५९ शाखा छन् । सञ्चालनमा रहेका शाखामध्ये वाणिज्य बैंकका ५८७, विकास बैंकका ८६, वित्त कम्पनीका ५३ र लघुवित्तका एक हजार ३३ शाखा छन्।

जिल्लागत रूपमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति सबैभन्दा बढी धनुषा, बारा र सर्लाहीमा छ भने सबैभन्दा कम रौतहटमा रहेको प्रतिवेदनमा उल्लेख छ। प्रदेशमा एटीएम संख्या ५११ पुगेको छ। सबैभन्दा बढी एटीएम धनुषामा ८३ र सबैभन्दा कम रौतहटमा ४४ वटा छन्।

बैंकिङ क्षेत्रको विस्तारले सर्वसाधारणको वित्तीय पहुँच बढाएको छ। तर, खाताको सुरक्षा, ओटीपी, पासवर्ड, पिन नम्बर, वालेट कोड, केवाईसी, अपरिचित लिंक र सामाजिक सञ्जालमा आउने शंकास्पद सन्देशबारे पर्याप्त जानकारी नहुँदा जोखिम पनि बढेको छ।

मधेश प्रहरी कार्यालयका सहायक प्रवक्ता एसपी भेषराज रिजालका अनुसार ठगीका घटनामा अरूको नागरिकता, फोटो, बैंक खाता र मोबाइल नम्बर दुरुपयोग भएको पाइएको छ। साइबर ब्युरोमा काम गरेको अनुभवसमेत सँगालेका रिजाल यस्ता घटनामा ठगी र बैंकिङ कसुर दुवै जोडिने बताउँछन्।

“कतिपय अवस्थामा मृत व्यक्तिको नाममा समेत खाता खोलेर ठगी हुने गरेको देखिन्छ,” रिजाल भन्छन्, “कसैको खाता छ भने रकम दिएर खाता प्रयोग गर्ने र त्यसमार्फत कारोबार गर्ने प्रवृत्ति पनि छ।”

उनका अनुसार धेरै घटना लोभ, असावधानी र डिजिटल सुरक्षाबारे जानकारीको कमीका कारण हुने गरेका छन्। सामाजिक सञ्जालमा १० हजार रुपैयाँको सामान दुई हजारमा दिने भन्दै विज्ञापन राख्ने, रकम इसेवा वा अन्य वालेटमा मगाउने र पछि नम्बर नै परिवर्तन गर्ने प्रवृत्ति देखिएको उनी जानकारी दिन्छन्।

पर्सामा अनलाइन ठगीका धेरै उजुरी आउने गरेको डीएसपी सुभाष भट्ट बताउँछन्। उनका अनुसार अनलाइन ठगीमा अशिक्षित मात्र होइन, शिक्षित वर्ग पनि सिकार हुने गरेका छन्। उनी भन्छन्, “प्रविधि चलाउन जान्नु र सुरक्षित रूपमा चलाउन जान्नु फरक कुरा हो।”

जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी मधुसूदन न्यौपाने धेरै व्यक्ति प्रलोभनमा परेर ठगीको सिकार हुने गरेको बताउँछन्। उनका अनुसार सामाजिक सञ्जाल सुरक्षित रूपमा कसरी चलाउने, अपरिचित व्यक्तिलाई कस्ता विवरण दिन नहुने र बैंकिङ जानकारी कसरी सुरक्षित राख्ने भन्ने ज्ञान कम हुँदा समस्या बढेको हो।

**डिजिटल सचेतनाको खाँचो**

बैंकिङ क्षेत्रका जानकारहरू खाताको गोपनीयता जोगाउनु नै डिजिटल सुरक्षाको पहिलो उपाय भएको बताउँछन्। नेपाल इन्भेष्टमेण्ट मेगा बैंक जनकपुरका म्यानेजर कमल कँडेलका अनुसार पासवर्ड, ओटीपी,

बाँकी पृष्ठ ४ ▶▶

## धान रोपाइँ गर्ने चटारोकै समयमा मधेशका किसानलाई ...........

धानलाई लक्षित गर्दै ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डीएपी मल प्रदेशका १३६ वटै स्थानीय तहमा वितरण गरिसकेको जनाएको छ।

कृषि सामग्री कम्पनी लिमिटेडबाट प्राप्त युरिया र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडबाट प्राप्त डीएपी मल स्थानीय तहमा पठाइसकिएको भए पनि अधिकांश स्थानमा डिपो र उपभोक्तासम्म मल पुग्न सकेको छैन।

जनकपुरधाम उपमहानगरपालिका -२३ का डिपो सञ्चालक कैलाश साहले भने, ‘जनकपुर उपमहानगरपालिकाले अहिलेसम्म पत्र दिएको छैन। हामीलाई समयमा मल पनि उपलब्ध गराइएको छैन।’

पहिलेदेखि बाँकी रहेको अलिअलि मल वितरण गरिरहे पनि त्यो पर्याप्त नभएको उनले बताए।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका मलसम्बन्धी गुनासो सुन्ने अधिकारी रवि बस्नेत भने डिपोमा मल पठाइसकेको बताउँछन्।

‘धेरै पालिकाबाट डिपोसम्म मल नपुगेको गुनासो आएको छ। त्यसलाई समन्वय गरेर छिटै प्रत्येक पालिकामा मल पुर्‍याउने र किसानसम्म समयमै उपलब्ध गराउने हाम्रो प्रयास छ,’ उनले भने।

मधेशमा कतिपय किसानले अर्काको जग्गा बटैयामा लिएर खेती गर्ने गरेका छन्। धनुषाको माछी झिटकैया निवासी रघुवीर यादवले यसरी बटैया लिएर खेती गर्न पनि कठिन भएको बताए। उत्पादनको आधा हिस्सा जग्गा धनीलाई दिनु पर्ने हुन्छ तर सिँचाइ र मल अभावका कारण उत्पादन घट्ने र लागत बढ्ने हुँदा त्यस्ता किसानलाई मर्का पर्ने उनको भनाइ छ।

सर्लाहीको सलमपुरका गगनदेव झाले भने, ‘कहीँ पानी छ, कहीँ सुक्खा छ। कतै खेत तयार छ तर बिउ छैन, कतै बिउ छ तर मजदुर छैनन्, मल छैन। अधिकांश बोरिङ र ट्युबवेल बिग्रिएका छन्। आकाशे पानीको भरमा कहिलेसम्म खेती गर्ने ?’

## गागन खोलाको निर्माणाधीन पुल नजिक सडक .............

कम्पनीले ८ करोड ६७ लाख ८१ हजार ४०७ रुपैयाँमा ठेक्का पाएको छ।

हुलाकी सडक निर्देशनालय, जनकपुरका इन्जिनियर सूर्यनारायण मण्डलका अनुसार सडक भासिएलगत्तै सवारीसाधनलाई वैकल्पिक मार्गबाट सञ्चालन गरिएको छ। निर्माण कम्पनीलाई क्षतिग्रस्त सडक तत्काल मर्मत तथा संरक्षण गर्न निर्देशन दिइसकिएको उनले जानकारी दिए।

“वर्षाका कारण सडक कटान भएको हो। अहिले सबै सवारीसाधन वैकल्पिक मार्गबाट सञ्चालन भइरहेका छन्। निर्माण कम्पनीले मर्मत तथा संरक्षणको काम सुरु गर्दैछ। मौसमले साथ दिए सडक पुनः सञ्चालनमा आउन करिब एकदेखि दुई सातासम्म लाग्न सक्छ,” इन्जिनियर मण्डलले भने।

हुलाकी राजमार्गअन्तर्गत जनकपुर निर्देशनालयको कार्यक्षेत्रमा पर्ने चार जिल्लामा २१ वटा पुल निर्माण गर्ने योजना रहेको छ। तीमध्ये सिरहामा मात्र पाँच वटा पुल निर्माण हुनुपर्नेछ। हाल कमला, त्रिशूला र गागन खोलामा पुल निर्माणको काम जारी रहे पनि अन्य पुलहरूको निर्माण प्रक्रिया अझै अगाडि बढ्न सकेको छैन।

यसअघि सिरहा-धनुषा जोड्ने कमला नदी पुलको डाइभर्सन वर्षाका कारण बगेको थियो। अहिले गागन खोलाको पुल नजिक सडकसमेत भासिएपछि हुलाकी राजमार्ग प्रयोग गर्ने यात्रुहरू वैकल्पिक तथा लामो दूरीको मार्ग प्रयोग गर्न बाध्य भएका छन्। लगातार देखिएका यस्ता अवरोधले हुलाकी राजमार्गको निर्माण गुणस्तर, दिगोपना र परियोजना व्यवस्थापनबारे प्रश्न उठाएको स्थानीयहरूको गुनासो छ।

## पहिलोपल्ट अधिकांश पालिकामा छन् हाकिम .............

पटक बजेट निर्माणको समयमा प्रमुख प्रशासकीय अधिकृत नभएको वा निमित्तको भरमा चल्नुपरेको गुनासो स्थानीय तहहरूबाट खासै नआएको उनले बताए।

प्याकुरेलका अनुसार प्रमुख प्रशासकीय अधिकृतसँगै लेखा अधिकृतहरूको अभाव र त्यससम्बन्धी गुनासाहरू पनि यस वर्ष निकै न्यून छन्। लेखा कर्मचारीहरूको व्यवस्थापन क्रमशः हुँदै गएको र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतहरूको अनिवार्य व्यवस्थापन भएपछि प्रशासनिक तथा वित्तीय क्षेत्रमा देखिने समस्याहरू स्वतः कम हुँदै जाने उनको भनाइ छ।

‘बजेट निर्माण र यसको कानुनी तथा प्राविधिक प्रक्रिया पूरा गर्न दक्ष प्रशासनिक नेतृत्व अपरिहार्य हुने भएकाले यस पटकको कर्मचारी व्यवस्थापनले बजेटको सहज कार्यान्वयनमा समेत ठुलो मद्दत पुग्छ,’ प्याकुरेल भन्छन्।



अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# पदाधिकारीमा मुख्य प्रतिस्पर्धा रवि समूहभित्रै, बालेन र अन्य समूहलाई मनोनयनबाट ल्याउने तयारी

अपन दैनिक संवाददाता
भरतपुर, असार ०९ गते

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पदाधिकारीमा अहिलेसम्मको स्थिति हेर्दा सभापति रवि लामिछानेकै समूहका नेताहरूबीच विभिन्न पदका लागि प्रतिस्पर्धा हुने देखिएको छ।

प्रधानमन्त्री तथा वरिष्ठ नेता बालेन शाह समूहका आकांक्षी सहित फागुन २१ को निर्वाचनअघि पार्टीमा समाहित विवेकशील साझा, नागरिक उन्मुक्ति पार्टी लगायत विभिन्न समूहका आकांक्षीलाई सकभर मनोयनबाट पदाधिकारीमा ल्याउनेबारे छलफल भइरहेको स्रोतले बताएको छ।

खुला निर्वाचनबाट छानिने पदमा पनि सहमति जुटाउने कोसिस भइरहेको छ । तर आकांक्षी धेरै भएकाले कसैको नाम टुंगो लागिसकेको छैन । सहमति नभए चुनावमा जान सबैलाई खुला छाडिदिने सभापति लामिछानेले सार्वजनिक रूपमा बताइसकेका छन्।

स्रोतका अनुसार पदाधिकारी चयनबारे सभापति लामिछाने र वरिष्ठ नेता शाहबीच सोमबार राति छलफल भएको थियो।

रास्वपाले आकांक्षी बढ्दै गएपछि जारी महाधिवेशनबाटै आफ्नो विधान संशोधन गरेर पदाधिकारी संख्या १९ पुऱ्याएको छ । त्यसमध्ये १० जना सभापतिबाटै मनोयनन गरिने व्यवस्था छ।

पदाधिकारीमध्ये वरिष्ठ नेता पदका लागि चुनाव हुने छैन। बालेन शाहकै लागि सिर्जना गरिएको यो पद उनकै लागि सुरक्षित राखिएको छ। वरिष्ठ नेता पदकै निर्वाचन नहुने भएपछि बालेनले केन्द्रीय सदस्यका लागि पनि प्रतिस्पर्धा गर्नुपर्ने छैन।

यसबाहेक उपसभापति तीन जना (एक महिला) रहने व्यवस्था छ । त्यसमध्ये महिलासहित दुई जना खुला प्रतिस्पर्धा र एक जना मनोनयनबाट छानिनेछ।

मनोनयनबाट छानिनेमा बालेन समूहका भौतिक पूर्वाधार मन्त्री सुनील लम्साल पर्न सक्ने स्रोतले बतायो। उनी प्रधानमन्त्री बालेनको निकट व्यक्तिमा पर्छन्। बालेनले केही दिनअघि 'देश बनाउने टोली' भनी सार्वजनिक गरेको तस्बिरमा आफूसहित सुधन गुरूङ र सुनील लम्साल थिए।

खुलातर्फको उपसभापतिमा स्वर्णिम वाग्लेलाई निर्विरोध निर्वाचित गराउने तयारी भइरहेको स्रोतको दाबी छ। अर्थमन्त्री वाग्ले अहिले पनि पार्टीका उपसभापति नै छन्।

निर्वाचनबाटै छानिने महिला उपसभापतितर्फ एकभन्दा बढी दाबेदारी छ । धेरैजसो दाबेदारी सभापति लामिछाने समूहकै नेताहरूबाट आइरहेको छ।



यसमा खासगरी भूमि व्यवस्था, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल, कानुनमन्त्री सोबिता गौतम र अहिले पार्टी कोषाध्यक्ष रहेकी लीमा अधिकारीको दाबेदारी रहेको स्रोतले बतायो।

यी तीनै जना रास्वपाका संस्थापक सदस्यहरू हुन्। सभापति लामिछानेलाई यी तीनमध्ये एक जनामा सहमति जुटाउन गाह्रो परिरहेको स्रोत बताउँछ।

यसबाहेक इन्दिरा राना मगर र चुनावअघि विवेकशील साझाबाट आएकी समीक्षा बाँस्कोटाले पनि उपसभापतिमा आकांक्षा राखेका छन्।

पदाधिकारी चयनमा सबभन्दा पेचिलो अवस्था महामन्त्रीमा देखिएको छ।

विधान अनुसार महामन्त्री दुई जना रहने छन्, जसमध्ये एक जना खुला प्रतिस्पर्धाबाट छानिन्छन् भने एक जना मनोनीन हुनेछन्।

मनोनीत हुनेमा बालेन शाहकै समूहबाट भूपदेव शाहको नाम चर्चामा छ । उनी अहिले पनि महामन्त्री नै छन् । बालेन समूह रास्वपामा समाहित भएपछि भूपदेवलाई सोझै महामन्त्री बनाइएको थियो। उनलाई यो महाधिवेशनपछि पनि त्यही पदमा निरन्तरता दिने कुरा भइरहेको स्रोतको भनाइ छ।

खुला प्रतिस्पर्धाबाट छानिने एक जना महामन्त्रीका लागि भने कम्तिमा चार जनाको दाबेदारी छ।

महामन्त्रीका चार आकांक्षीमा मनीष झा, शिशिर खनाल, विपिन आचार्य र कबिन्द्र बुर्लाकोटी छन्। यी चारै जना सभापति लामिछाने समूहका हुन्।

अहिले पार्टी प्रवक्ता रहेका मनीषा झाले सार्वजनिक रूपमै आफू महामन्त्रीको उम्मेदवार बन्ने घोषणा गरेका छन्।

'म बरू हार्न तयार छु तर पछाडि हट्दिनँ,' उनले भनेका छन्, 'मैले पदका लागि भन्दा पनि अहिलेसम्म पार्टीको संगठनमा रहेर गरेको कामको न्यायका लागि उम्मेदवारी दिएको हुँ।'

उनी निकट नेताहरूले झाले आफ्नो दाबी फिर्ता नलिने बताउँदै मैदानमा भोट माग्न थालिसकेका छन्। उनले सभापति लामिछानेलाई समेत आफू उम्मेदवारीबाट पछाडि नहट्ने जानकारी दिइसकेको स्रोत बताउँछ।

त्यस्तै, परराष्ट्रमन्त्री रहेका शिशिर खनालले पनि आफ्नो उम्मेदवारीको सार्वजनिक घोषणा गरेका छन्।

उनले चुनाव हुने अवस्था आए आफू महामन्त्रीमा प्रतिस्पर्धा गर्ने बताएका छन्। 'महामन्त्री पदलाई म न्याय गर्छु र आफ्नो जिम्मेवारी पूरा गर्छु भन्नेमा म पूर्ण विश्वस्त छु,' उनले भनेका छन्।

यसबाहेक महामन्त्रीका आकांक्षी कबिन्द्र बुर्लाकोटी अहिले पनि पार्टी महामन्त्री छन्। उनले यही पदमा निरन्तरता दिन चाहेका छन्। त्यस्तै, अहिलेका सहमहामन्त्री विपिन आचार्यले पनि महामन्त्रीको दाबेदारी गरिरहेका छन्।

विधान अनुसार सह-महामन्त्रीमा एक महिलासहित पाँच जना रहने व्यवस्था छ। यसमध्ये तीन जना खुला प्रतिस्पर्धाबाट छानिने छन् भने दुई जना मनोनीत हुनेछन्।

मनोनीत हुनेमा बालेन समूहबाट असीम शाहको नाम चर्चामा छ। त्यस्तै, विवेकशील साझा समूहबाट रञ्जु दर्शनाको नाम चर्चामा छ।

बाँकी तीन जनामा हरि ढकाल, यज्ञमणि न्यौपाने, रमेश प्रसाईं, जगदिश खरेल लगायतको दाबेदारी छ। यज्ञमणि र रमेशले त सार्वजनिक घोषणा नै गरिसकेका छन्।

यसबाहेक पार्टी पदाधिकारीहरूमध्ये कोषाध्यक्ष एक जना, सह-कोषाध्यक्ष तीन जना, प्रवक्ता एक जना र सह-प्रवक्ता तीन जना रहने व्यवस्था छ । यी ८ जना पदाधिकारी नै सभापतिले मनोनीत गर्ने छन्।

मनोनीत हुने ८ पदाधिकारीमा विवेकशील साझा, नागरिक उन्मुक्ति, हामी नेपाल लगायत विभिन्न समूहबाट आएका सदस्यहरूलाई समायोजन गर्ने तयारी रहेको स्रोतले बतायो। यसमा बालेन शाह समूहका केही नेता पनि पर्न सक्छन्।

'चुनावअघि मात्र पार्टीमा समाहित हुनुभएका साथीहरूलाई समेटेर लैजान मनोनीत गरेर पदाधिकारीमा ल्याउन खोजिएको हो,' पार्टीका एक उच्चस्तरीय नेताले भने, 'केही सदस्य जेन-जी समूहबाट पनि ल्याउने तयारी छ।'

त्यस्तै, खुलातर्फ पनि सकभर मिलाएर लैजाने कोसिस भइरहेको उनले बताए।

'हामी हदैसम्म सहमतिको प्रयास गरिरहेका छौं। एकदमै पेचिलो हुँदै गयो भने आ-आफ्नो इच्छा अनुसार प्रतिस्पर्धा गर्नू भनेर छाड्न सकिन्छ,' उनले भने।

सभापति लामिछानेले पनि मंगलबार बन्द सत्र आरम्भ गर्ने क्रममा सबैलाई मिलाएर लैजाने प्रयास भइरहेको बताएका थिए।

'पार्टीको पहिलो महाधिवेशन भएकाले सहमतिमा सबैलाई मिलाएर लैजाने कोसिस भइरहेको छ,' उनले भने, 'तर छनोटको विधिले मलाई एकदमै गाह्रो हुन्छ। कसलाई छान्ने ? एउटालाई छाने अर्को छुटिहाल्छ। त्यसैले प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आयो भने स्वस्थ रूपमा प्रतिस्पर्धा गर्नू।'

'जसले जिते पनि घन्टीवाहकले जित्ने हो। त्यसैले प्रतिस्पर्धामा जानुपर्ने अवस्था आए गुट-उपगुटमा नलाग्नू,' सभापति लामिछानेले भने।

उनले मनमुटाव छन् भने त्यसलाई कोठामा बसेर छलफल गर्न पनि आह्वान गरेका छन्।

'सडकमा तमासा बनाउने होइन । समस्या भए सुल्झाऊँ, सडकमा तमासा नबनाऔं,' उनले भने।

यसबीच रास्वपाको जारी महाधिवेशन बन्द सत्र सम्पन्न गरी निर्वाचन कार्यक्रममा प्रवेश गरिसकेको छ। सोमबार हुनुपर्ने बन्द सत्र र निर्वाचन प्रक्रिया महाधिवेशन प्रतिनिधिहरूको नामावली टुंगो लाग्न नसकेर एक दिन ढिला भएको हो।

पहिलो चरणमा सभापति र केन्द्रीय समितिका सदस्यहरूका लागि बुधबार बिहानबाट मतदान सुरू गर्ने गरी संशोधित निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको छ। पहिलो चरणको मतगणना सम्पन्न भएपछि पदाधिकारीहरू चयन गर्न दोस्रो चरणको निर्वाचन कार्यक्रम सार्वजनिक गरिने पार्टीको केन्द्रीय निर्वाचन आयोगले जनाएको छ।

सभापतिमा रवि लामिछानेको एकल उम्मेदवारी परेकाले उनी निर्विरोध निर्वाचित भइसकेका छन्। वरिष्ठ नेता बालेन शाहलाई प्रस्तावक राखेर उनले मनोयन दर्ता गराएका हुन्। मनोयन दर्तापछि दुवैले निर्वाचन आयोग सचिवालयको बरन्डामा आएर हात हल्लाएका थिए।

आयोगका प्रमुख भुवन केसीद्वारा जारी संशोधित कार्यतालिका अनुसार उम्मेदवारी दर्ता, दाबी-विरोध र अन्तिम नामावली प्रकाशनको काम मंगलबार रातभरिमा सम्पन्न गरिनेछ।

संशोधित तालिका अनुसार पार्टी केन्द्रीय सदस्य पदका लागि साँझ ७:३० देखि बेलुकी ९:३० बजेसम्म महाधिवेशन स्थलमा रहेको निर्वाचन आयोगको सचिवालयबाट फारम वितरण तथा दर्ता भइरहेको छ।

उम्मेदवारी दर्ता सकिएलगत्तै राति १० बजे उम्मेदवारहरूको प्रारम्भिक नामावली प्रकाशन गरिनेछ। त्यसपछि राति १०:३० बजेसम्म उम्मेदवारहरू विरूद्ध दाबी-विरोध गर्ने समय दिइएको छ।

प्राप्त दाबी विरोधमाथि राति ११ बजेसम्म जाँचबुझ गरिने र उम्मेदवारी फिर्ता लिन चाहनेहरूका लागि राति ११:१५ बजेसम्मको अन्तिम समय सीमा तोकिएको छ।

मंगलबार राति ११:४५ बजे उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरेसँगै सोही समयदेखि मौन अवधि सुरू हुने निर्वाचन आयोगले जनाएको छ।

त्यसपछि बुधबार असार १० गते बिहानदेखि पहिलो चरणको मतदान सुरू हुनेछ।

पहिलो चरणको मतदान सम्पन्न भएको दुई घन्टापछि मतगणना सुरू गरी परिणाम घोषणा गरिने निर्वाचन कार्यतालिकामा उल्लेख छ।

## मधेशमा बढ्दो साइबर ...........

बैंक विवरण वा वालेट कोड कसैलाई दिनु हुँदैन। उनी भन्छन्, "पासवर्ड सुरक्षित राख्नुपर्छ। कसैलाई सेयर गर्नु हुँदैन। कसैले ओटीपी मागे पनि दिनु हुँदैन।"

अपरिचित लिंक नखोल्न, शंकास्पद फोन वा सन्देश आए सचेत हुन, बैंक वा वालेटको नाममा आएको फोनमा आफ्नो गोप्य विवरण नदिन र ठगिएको शंका लागे तुरुन्त सेवाप्रदायक वा प्रहरीलाई जानकारी दिन उनी सुझाउँछन्।

यस सन्दर्भमा अर्थविद् भोगेन्द्र झा बैंक, वित्तीय संस्था र स्थानीय तहले वित्तीय तथा डिजिटल साक्षरतालाई नियमित अभियानकै रूपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याउँछन्। उनका अनुसार डिजिटल कारोबारमा प्रोत्साहन बढे पनि सुरक्षित कारोबार कसरी गर्ने भन्ने विषय कमजोर छ।

"बैंक खाता खोल्न र डिजिटल कारोबार गर्न प्रोत्साहित गरिरहेका छौं, तर डिजिटल साक्षरता गौण छ," झा भन्छन्, "खाता खोल्ने बेलामै ग्राहकलाई सुरक्षित कारोबारबारे जानकारी दिनुपर्छ।"

झाका अनुसार बैंक, स्थानीय तह र वित्तीय संस्थाले गाउँ गाउँमा डिजिटल साक्षरता अभियान चलाए ठगीको जोखिम घटाउन सकिन्छ। मनी ट्रान्सफर र डिजिटल कारोबारसँग जोडिएका निकायहरूको अनुगमन पनि बलियो बनाउनुपर्ने उनको सुझाव छ।

मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलिया सामाजिक सञ्जालको व्यापकता, छिटो पैसा कमाउने सोच र सुरक्षित कारोबारबारे चेतनाको कमीका कारण यस्ता घटना बढेको बताउँछन्। उनका अनुसार मधेश प्रदेशमा साइबर अपराधका घटना बढेपछि जिल्लामै उजुरी लिने र अनुसन्धान अघि बढाउने गरिएको छ। आवश्यक अवस्थामा जिल्लाका मुद्दा शाखाले साइबर ब्युरोसँग समन्वय गरेर मुद्दा दर्तादेखि अनुसन्धानसम्मको काम गर्ने गरेको उनको भनाइ छ।

"बैंकहरूले अनलाइन कारोबारका लागि प्रोत्साहन गरिरहेका छन्। तर, कारोबार गर्दा कसरी सुरक्षित हुने भन्ने सचेतना कम छ," थपलिया भन्छन्, "सेवाग्राहीसँगै बैंकिङ क्षेत्रले पनि सुरक्षा सचेतना फैलाउनुपर्छ। स्थानीय तहले बजेट राखेर गाउँ गाउँमा डिजिटल साक्षरताबारे सचेतना जगाउन आवश्यक छ।"

## संविधान संशोधन अघि नबढाए ..........

केन्द्रलगायतका दलहरूले जनताको अपेक्षा पूरा गर्न नसकेको अवस्थामा मधेशमा दुई वटा विश्वविद्यालय स्थापना, मधेश स्वास्थ्य प्रतिष्ठान गठन, प्रदेश भित्रका अस्पतालहरुलाई प्रदेश मातहतमा ल्याउने र प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला ल्याब राजधानीदेखि गाउँस्तरसम्म संचालन लगायतका उपलब्धी हासिल गरे पनि त्यसको प्रभावकारी प्रचार प्रसार गर्न नसकिएको गुनासो उनले गरे।

उनका अनुसार ३७ वर्षदेखि कांग्रेस, एमाले र माओवादी लगायतका दल आलोपालो गरी सरकार चलाएर जनताको अपेक्षा पुरा गर्न सकेन। ती दलहरूसंगको सहकार्यका कारण जसपा नेपाल पनि जनअसन्तुष्टिको प्रभावबाट अछुतो रहन सकेन।

'लामो समयदेखि सत्तामा रमाएका पुराना दलहरूसँगको संगतकै कारण जसपा नेपाल पनि जनताको असन्तुष्टिको शिकार पछिल्लो निर्वाचनमा बन्यो,' उनले भने।

अध्यक्ष यादवले पार्टी विभाजनले जसपा नेपालको शाखमा संकट उत्पन्न गरेको स्वीकार गर्दै उनले अब जनतामाझ पुगेर संघीय गणतन्त्रको रक्षा, संविधान संशोधन र जनअधिकारको मुद्दालाई थप सशक्त रूपमा उठाउन आन्दोलनका लागि जनमत तयार गर्नमा जुट्न नेता कार्यकर्तालाई निर्देशन दिए।


# बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

**सावधानी अपनाऔं, सुरक्षित रहौं।**

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोलबजार
मधेश प्रदेश, सिरहा (नेपाल)



# मधुमेह (डायबिटिज) रोगबाट बचौं

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ।

**मधुमेहले,**
- विभिन्न अंगमा क्षति पुर्याउन सक्छ।
- मुटु र मिर्गौलामा क्षति पुर्‍याउन सक्छ।
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ।

**मधुमेहबाट बच्न,**
- शरीरको तौल सन्तुलित राखौं।
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं।
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं।
- धूम्रपान, मद्यपान नगरौं नियमित व्यायाम गरौं।
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं।

**नियमित स्वास्थ्य परीक्षण गरौ, मधुमेहबाट बचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड